# होटेल, लज, रेष्टूराँ तथा रिजर्ट, बार तथा पथ प्रदर्शक नियमावली, २०३८

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>

२०३८।०५।२९

<u>संशोधन</u>

होटेल, लज, रेष्टूराँ तथा रिजर्ट, बार तथा पथ प्रदर्शक

(पहिलो संशोधन) नियमावली, २०७१ २०७१।०८।२९

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद - १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "होटेल, लज, रेष्टूराँ तथा रिजर्ट, बार तथा पथ प्रदर्शक नियमावली, २०३८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले पर्यटन ऐन, २०३५ सम्झनुपर्छ।

(ख) "विभाग" भन्नाले नेपाल सरकारको पर्यटन विभाग सम्झनुपर्छ।

(ग) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनुपर्छ।

## परिच्छेद - २

## <u>होटेल, लज, रेष्टूराँ तथा रिजर्ट तथा बारको दर्ता तथा वर्गीकरण</u>

३. **<u>होटेल, लज, रेष्टूराँ तथा रिजर्ट तथा बारको दर्ता</u>** : ऐनको दफा १० को उपदफा (२) बमोजिम कुनै व्यक्तिले आफ्नो होटेल, लज, रेष्टूराँ तथा रिजर्ट तथा बारलाई पर्यटक स्तरको

नेपाल कानून आयोग

भनी दर्ता गराउन चाहेमा दरखास्त दस्तुर √एक सय रुपैयाँ सहित अनुसूची - १ बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ।

४. **होटेलको वर्गीकरण** : नियम ३ बमोजिम दर्ता गरिने होटेललाई त्यसमा रहेको सुविधाको आधारमा विभागले पर्यटक स्तरको साधारण होटेल वा पर्यटक आवास (टुरिष्ट रिजर्ट) वा एक तारादेखि पाँच तारासम्मको कुनै एक वर्गीकरणमा तोक्नेछ।

५. **होटेलमा हुनुपर्ने सुविधा** : (१) पर्यटक स्तरको साधारण होटेल घटीमा देहाय बमोजिमको सुविधायुक्त हुनु पर्नेछ :-

(क) सुत्ने कोठा कम्तीमा दशवटा हुनुपर्ने र ती सबैमा पर्याप्त प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने हुनुपर्ने।

(ख) पच्चीस प्रतिशत कोठाको साथमा स्नानागार तथा शौचालय (वाथरूम) संलग्न हुनु पर्ने र अन्य प्रत्येक चार कोठाको निमित्त एकको हिसावले आवश्यक संख्यामा स्नानागार तथा शौचालय हुनुपर्ने।

(ग) सबै कोठाहरूमा आधुनिक फर्निचर र विजुलीको राम्रो प्रबन्ध हुनुपर्ने।

(घ) सबै कोठाहरू नेपाली कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनुपर्ने।

(ङ) स्नानागार तथा शौचालयमा राम्रा र बलिया साधन जडिएको र पर्याप्त मात्रामा तातो पानी र चिसो पानीको प्रबन्ध हुनुपर्ने ।

(च) स्वागत कक्ष (रिसेप्सन काउण्टर) राम्रोसँग सजाइएको र सकभर टेलिफोनयुक्त हुनुपर्ने ।

(छ) भोजन गर्ने कोठा (डाइनिंग हल) र भान्छा कोठा आवश्यक सामान सहित सफा सुग्घर हुनुपर्ने ।

(ज) लुगा धुने राम्रो प्रबन्ध हुनुपर्ने ।

(झ) अधिकांश वरिष्ठ कर्मचारी होटेल व्यवसायमा अनुभवी र अंग्रेजी बोल्न जान्ने हुनुपर्ने ।

---

√ पहिलो संशोधनद्वारा संशोधित।

(ञ) कर्मचारीहरूको पोशाक सफा सुग्घर र एकनासको हुनुपर्ने।

(ट) ऋतु अनुसार पङ्खा वा हिटरको प्रबन्ध हुनुपर्ने।

(ठ) प्राथमिक उपचार (फष्ट एड) र आगो निभाउने यन्त्र (फायर फाइटिंग इक्यूपमेण्ट) को प्रबन्ध हुनुपर्ने।

(२) पर्यटक आवास र एक तारादेखि पाँचतारासम्मको पर्यटक स्तरको होटल ऐनको दफा ११ बमोजिम गठित स्तर निर्धारण समितिको राय लिई √संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिमको सुविधायुक्त हुनु पर्नेछ।

६. **लजमा हुनुपर्ने सुविधा** : पर्यटक स्तरको लज घटीमा देहाय बमोजिमको सुविधायुक्त हुनु पर्नेछः-

(क) सुत्ने कोठामा कम्तीमा पाँचवटा हुनुपर्ने र ती सबैमा पर्याप्त प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने हुनुपर्ने।

(ख) पच्चीस प्रतिशत कोठामा स्नानागार तथा शौचालय संलग्न हुनु पर्ने र अन्य प्रत्येक चार कोठाको निमित्त एकको हिसावले आवश्यक संख्यामा स्नानागार तथा शौचालय हुनुपर्ने।

(ग) सबै कोठाहरूमा आधुनिक फर्निचर र विजुलीको राम्रो प्रबन्ध हुनुपर्ने।

(घ) सबै कोठाहरू नेपाली कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनुपर्ने।

(ङ) स्नानागार तथा शौचालयमा राम्रा र बलिया साधन जडिएको र पर्याप्त मात्रामा चिसो पानी र तातो पानीको प्रबन्ध हुनुपर्ने।

(च) स्वागत कक्ष (रिसेप्सन काउण्टर) राम्रोसँग सजाइएको र सकभर टेलिफोनयुक्त हुनुपर्ने।

(छ) लुगा धुने राम्रो प्रबन्ध हुनुपर्ने।

(ज) वरिष्ठ कर्मचारी लज सम्बन्धी ज्ञान भएको र अंग्रेजी बोल्न जान्ने हुनुपर्ने।

---

√ पहिलो संशोधनद्वारा संशोधित ।

(झ) कर्मचारीहरूको पोशाक सफा सुग्घर र सकभर एकनासको हुनुपर्ने।

(ञ) सकभर ऋतु अनुसार पङ्खा वा हिटरको प्रबन्ध हुनुपर्ने।

७. **<u>रेष्टुराँ तथा रिजर्ट तथा रिजर्ट तथा बारमा हुनु पर्ने सुविधा</u>** : पर्यटक स्तरको रेष्टुराँ तथा रिजर्ट तथा रिजर्ट तथा बार घटीमा देहाय बमोजिमको सुविधायुक्त हुनु पर्नेछ :-

(क) अन्तर्राष्ट्रिय स्तर कायम रहने गरी खानपिनको व्यवस्था हुनुपर्ने।

(ख) राम्रो किसिमका क्रकरी र कटलरी हुनुपर्ने।

(ग) स्वच्छ र स्वास्थ्यकर पिउने पानीको व्यवस्था हुनुपर्ने।

(घ) स्त्री र पुरुषको निमित्त रूमाल, साबुन सहित छुट्टाछुट्टै शौचालयको राम्रो प्रबन्ध हुनुपर्ने।

(ङ) एक समयमा कम्तीमा पन्ध्र जना व्यक्तिहरू बसी खान सक्ने व्यवस्था हुनुपर्ने।

(च) घुंइचो नहुने किसिमको फराकिलो कोठा वा त्यस अनुरूप बस्ने व्यवस्था हुनुपर्ने।

(छ) फर्निचर सफा सुग्घर तथा स्तरयुक्त हुनुपर्ने।

√८. **<u>दर्ता दस्तुर</u>** : पर्यटक स्तरको होटल, पर्यटक आवास, लज, रेष्टुराँ तथा रिजर्ट तथा रिजर्ट र बार दर्ता दस्तुर देहाय बमोजिम लाग्नेछ :-

| | | |
|---|---|---|
| (क) | साधारण होटेल | - पाँच हजार रुपैयाँ |
| (ख) | एक तारा होटेल | - दश हजार रूपैयाँ |
| (ग) | दुई तारा होटेल | - बीस हजार रूपैयाँ |
| (घ) | तीन तारा होटेल | - तीस हजार रूपैयाँ |
| (ङ) | चार तारा होटेल | - चालीस हजार रूपैयाँ |
| (च) | पाँच तारा होटेल (साधारण) | - पचास हजार रूपैयाँ |

√ पहिलो संशोधनद्वारा संशोधित ।

(छ) पाँच तारा होटेल (डिलक्स) - साठी हजार रूपैयाँ

(ज) पर्यटक आवास (साधारण) - दश हजार रूपैयाँ

(झ) पर्यटक आवास (डिलक्स) - चालीस हजार रूपैयाँ

(ञ) लज, रेष्टूराँ तथा रिजर्ट र बार - पाँच हजार रूपैयाँ

## परिच्छेद - ३

## पथ प्रदर्शक सम्बन्धी व्यवस्था

९. **पथ प्रदर्शक (गाइड) को इजाजतपत्र लिन चाहने व्यक्तिले दरखास्त दिनु पर्ने** : पथ प्रदर्शकको काम गर्न इजाजतपत्र लिन चाहने व्यक्तिले दरखास्त दस्तुर √ एक सय रूपैयाँ सहित अनुसूची- २ बमोजिमको ढाँचामा महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ।

१०. **पथ प्रदर्शकको योग्यता** : पथ प्रदर्शकको इजाजतपत्र लिन चाहने व्यक्तिले √ नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठान वा पर्वतीय प्रशिक्षण प्रतिष्ठानबाट पथ प्रदर्शकको तालीम प्राप्त गरी प्रमाणपत्र पाएको हुनु पर्नेछ।

११. **पथ प्रदर्शकको इजाजतपत्र दिने** : नियम ९ बमोजिम दरखास्त परेपछि महानिर्देशकले जाँची दरखास्तवालालाई √एक हजार रूपैयाँ दस्तुर लिई अनुसूची-३ बमोजिमको ढाँचामा पाँच वर्षको लागि पथ प्रदर्शकको इजाजतपत्र दिन सक्नेछ।

१२. **पथ प्रदर्शकले पाउने पारिश्रमिक** : पथ प्रदर्शकले पथ प्रदर्शन गराए वापत पाउने पारिश्रमिक इजाजतपत्रमा उल्लेख गरिए बमोजिम हुनेछ।

१३. **इजाजतपत्रको नवीकरण गर्ने** : (१) पथ प्रदर्शकको इजाजतपत्र प्राप्त व्यक्तिले इजाजतपत्रको म्याद समाप्त भएको पैंतीस दिनभित्र इजाजतपत्र नवीकरण गर्न महानिर्देशक समक्ष दर्खास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएपछि महानिर्देशकले √पाँच सय रूपैयाँ दस्तुर लिई अर्को पाँच वर्षको अवधिको लागि नवीकरण गरी दिन सक्नेछ।

√ पहिलो संशोधनद्वारा संशोधित ।

(३) उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरण गर्ने म्याद नाघेपछि इजाजतपत्रको नवीकरण गर्नको लागि दरखास्त दिएमा देहायको अवधिको निमित्त नवीकरण दस्तुरको अतिरिक्त देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरिदिन सक्नेछ :-

(क) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेको दुई महिनासम्म √दुई सय रूपैयाँ।

(ख) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेको चार महिनासम्म √तीन सय रूपैयाँ ।

(ग) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेको छ महिनासम्म √ पाँच सय रूपैयाँ।

(घ) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेको एक वर्षसम्म √ एक हजार रूपैयाँ।

१४. **इजाजतपत्र हराएमा नयाँ इजाजतपत्र दिने** : कुनै पथ प्रदर्शकले प्राप्त गरेको इजाजतपत्र हराएमा वा नासिएमा निजले त्यसको पैंतीस दिनभित्र कारण खोली महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ र व्यहोरा मुनासिव देखिएमा महानिर्देशकले √दुई सय रूपैयाँ दस्तुर लिई अर्को इजाजतपत्र दिन सक्नेछ।

१५. **इजाजतपत्र खारेज गर्न सकिने** : ऐनको दफा ४४ को उपदफा (१) मा उल्लेखित अवस्थामा महानिर्देशकले पथ प्रदर्शक इजाजतपत्र खारेज गर्न सक्नेछ।

१६. **पथ प्रदर्शकले आफ्नो अनुभवको जानकारी दिनु पर्ने :** पथ प्रदर्शकले प्रत्येक ६/६ महिनामा पर्यटकहरूको सम्बन्धमा आफ्नो अनुभवको जानकारी लिखित रूपमा विभाग समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद - ४

## विविध

√ पहिलो संशोधनद्वारा संशोधित ।

१७. **आवधिक प्रतिवेदन पेश गर्नु पर्ने** : (१) ऐनको दफा ४७ को उपदफा (१) बमोजिम प्रत्येक होटेल, पर्यटक आवास र लजले ६/६ महिनाको अवधिको हिसाबले अनुसूची -४ बमोजिमको ढाँचामा आवधिक प्रतिवेदन विभाग समक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको आवधिक प्रतिवेदन जुन अवधिको हो त्यस्तो अवधि भुक्तान भएको सात दिनभित्र पेश गर्नु पर्नेछ।

१८. **खारेजी** : पर्यटन उद्योग नियमावली, २०२२ खारेज गरिएको छ।

नेपाल कानून आयोग

द्रष्टव्य : १. पर्यटन (दोस्रो संशोधन) ऐन, २०५३ द्वारा मूल ऐन र सो अन्तर्गत बनेका नियमावलीहरुमा प्रयोग भई रहेका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर भएको :-

"रेष्टुराँ" को सट्टा "रेष्टुराँ तथा रिजर्ट" ।

२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरू:-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

## अनुसूची - १

(नियम ३ सँग सम्बन्धित)

<u>दरखास्तको ढाँचा</u>

श्री पर्यटन विभाग ।

मैले/हामीहरूले सञ्चालन गरिरहेको ........................ लाई होटल, लज, रेष्टुराँ तथा रिजर्ट, बार तथा पथ प्रदर्शक नियमावली, २०३८ को नियम ३ बमोजिम पर्यटक स्तरको .............................. होटल/पर्यटक आवास/लज/रेष्टुराँ तथा रिजर्ट/बारमा दर्ता गरी पाउनको निमित्त दरखास्त दस्तुर वापत √<u>एक सय रूपैयाँ</u> यसैसाथ राखी निवेदन गर्दछु/गर्दछौं।

पर्यटन ऐन, २०३५ र होटेल, लज, रेष्टुराँ तथा रिजर्ट, बार तथा पथ प्रदर्शक नियमावली, २०३८ को अधिनमा रही आफ्नो कारोबार सञ्चालन गर्नेछु/गर्नेछौं।

निवेदक,

निवेदकको नाम :-

ठेगाना :-

मिति :-

√ पहिलो संशोधनद्वारा संशोधित ।

# अनुसूची - २

(नियम ९ सँग सम्बन्धित)

## दरखास्तको ढाँचा

श्री महानिर्देशक,

पर्यटन विभाग।

महोदय,

मलाई पथ प्रदर्शकको काम गर्ने इच्छा भएकोले पर्यटन ऐन, २०३५ को दफा ३९ को उपदफा (१) बमोजिम इजाजतपत्र पाउनको निमित्त दरखास्त दस्तुर √एक सय रूपैयाँ यसैसाथ राखी निम्न लिखित व्यहोरा खुलाई निवेदन गरेको छु। पासपोर्ट साइजको २ प्रति फोटो र √नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठान वा पर्वतीय प्रशिक्षण प्रतिष्ठानबाट प्राप्त प्रमाणपत्रको नक्कल यसैसाथ पेश गरेको छु। सक्कल विभागले चाहेको बखतमा पेश गर्नेछु। इजाजतपत्र पाएमा प्रचलित कानूनको अधिनमा रही पथ प्रदर्शक सम्बन्धी काम गर्नेछु।

निवेदकको :

(क) नाम, थर र वतनः-

(ख) बाबुको नाम, थर र वतन :-

(ग) बाजेको नाम, थर र वतन :-

(घ) शैक्षिक योग्यता वा तालीम :-

(ङ) उमेर :-

(च) अनुभव :-

मितिः- निवेदक,

√ पहिलो संशोधनद्वारा संशोधित ।

## अनुसूची - ३

(नियम ११ सँग सम्बन्धित)

<u>इजाजतपत्रको ढाँचा</u>

१. पथ प्रदर्शकको पूरा नाम :-

२. ठेगाना :-

(क) स्थायी :-

(ख) अस्थायी :-

३. पारिश्रमिकको विवरण :-

(क) ρ................

(ख) ρ................

४. पथ प्रदर्शन गर्ने भाषा :-

५. इजाजतपत्रको म्याद .................. देखि ....................... सम्म श्री .................... लाई पर्यटन ऐन, २०३५ र होटेल, लज, रेष्टुराँ तथा रिजर्ट, बार तथा पथ प्रदर्शक नियमावली, २०३८ बमोजिम पथ प्रदर्शकको काम गर्न यो इजाजतपत्र दिइएको छ।

पर्यटन विभागको छाप :

महानिर्देशकको सही :-

पूरा नाम :-

दर्जा :-

मिति :-

ρ पहिलो संशोधनद्वारा झिकिएको ।

**अनुसूची - ४**

(नियम १७ सँग सम्बन्धित)

आवधिक प्रतिवेदनको ढाँचा

श्री महानिर्देशक,

पर्यटन विभाग।

महोदय,

पर्यटन ऐन, २०३५ को दफा ४७ को उपदफा (१) अनुसार मिति ............... देखि ......................... सम्मको यस होटेल, पर्यटक आवास, लजको आवधिक प्रतिवेदन पेश गरेको छु।

तपसील

१. होटेल, पर्यटक आवास, लजमा बसेका पर्यटक र तिनीहरूले बसेको दिनको संख्या सम्बन्धी विवरणः-

(क) एक दिनदेखि तीन दिनसम्म बस्ने ..............

(ख) चार दिनदेखि सात दिनसम्म बस्ने ...............

(ग) आठ दिनभन्दा बढी दिन बस्ने ............

२. नेपालभित्र र बाहिर गराएको प्रचारको विवरण :-

३. अन्तर्राष्ट्रिय सभा सम्मेलन आदिमा भाग लिएको विवरण :-

४. विदेशबाट पर्यटन उद्योग विकास गर्नको लागि निम्त्याइएका व्यक्तिहरूको विवरण :-

५. के कति स्वदेशी वा विदेशी कर्मचारीहरू छन् (नाम, दर्जा र पाउने पारिश्रमिक सहित) :-

६. कारोबार एवं आर्जन गरेको विदेशी मुद्राको विवरण :-

७. व्यवसायसँग सम्बन्धित कामको लागि आवश्यक पैठारी इजाजतपत्रको विवरण (मालसामान र रकम सहित) :-

८. उपलब्ध पैठारी इजाजतपत्र मध्ये के कति मालसामान प्राप्त भै सकेको छ के कति प्राप्त हुन बाँकी छ र के कति रद्द गरिएको छ त्यसको विवरण :-

प्रतिवेदन पेश गर्ने व्यक्तिको

सही :-

पूरा नाम :-

दर्जा :-

मिति :-

नेपाल कानून आयोग